हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : ८१ पृष्ठ : ४ २०७७ असोज १८ गते आइतबार (Sunday 4 October 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

ADMISSION OPEN
For Grade
XI & XII
Science & Management
LAHAN PARAGON PUBLIC SCHOOL
Hospital Chowk Lahan, Siraha
Contact : Principal 9852830551

# 'विद्यालयमा विद्यार्थी उपस्थित गराएर पढाउने अवस्था छैन' : शिक्षा मन्त्री पोखरेल

**गोलबजार ।** विज्ञान, प्रविधि तथा शिक्षा मन्त्री गिरीराजमणी पोखरेलले कोरोना भाइरसको जोखिम उच्च रहेकाले विद्यालयमा विद्यार्थी उपस्थित गराएर पढाउने वातावरण अझै नरहेको बताएका छन् । उनले भाइरसको जोखिम अझै उच्च रहेकाले शिक्षण सिकाइको वैकल्पिक विधि अपनाउन समेत आग्रह गरे ।

सिरहाको गोलबजारमा शनिबार जयगोविन्द साह पोलिटेक्निक इन्स्टिच्युटको उद्घाटन गर्दै शिक्षा मन्त्री पोखरेलले कोरोना भाइरस सर्ने जोखिम उच्च रहेकाले विद्यालयमा विद्यार्थी उपस्थित गराएर नपढाई बैकल्पिक शिक्षण सिकाई विधि सञ्चालन गर्न आग्रह गरेका हुन् । उनले त्यसका लागि बैकल्पिक उपाय अपनाउनु अहिलेको आवश्यकता रहेको औंल्याए ।

उनले भारतमा संक्रमण दर दिनहुँ उच्च रहेकाले खुला सीमा रहेको नेपालमा समेत त्यसको प्रत्यक्ष प्रभाव पर्ने भएकाले नेपालले चाहेर मात्र कोभिड-१९ नियन्त्रण गर्न नसकिने बताए । 'हाम्रो भु-








बनोट, नजकिंदो चाडपर्वको कारणले संक्रमण जोखिम उच्च छ' उनले भने 'यस्तो बेलामा विद्यार्थी विद्यालयमा भेला गरेर पढाउन सकिंदैन ।'

'सिरहाका कतिपय स्थानीय तहहरूमा विद्यालय खुलेका समाचारहरू आएका छन्, विद्यालय खोलिएको हो भने तत्काल पठनपाठन रोक्नु पर्छ' उनले भने 'विद्यालयमा विद्यार्थी ल्याएर पढाउनेतिर नजानुस्, बैकल्पिक विधि अवलम्बन गर्नुस् ।'

मन्त्री पोखरेलले प्राविधिक धारको शिक्षातर्फ जोड दिदै आजसम्म पनि नेपालमा २० प्रतिशत विद्यार्थीको मात्र प्राविधिक तथा वैज्ञानीक शिक्षामा पहुँच रहेको बताए । उनले प्राविधिक शिक्षामा ७० प्रतिशत विद्यार्थीको पहुँच पुऱ्याउने सरकारको लक्ष्य भएको औंल्याए ।

सरकारले लिएको लक्ष्य पूरा गर्न अहिले गाउँ गाउँका सामुदायिक विद्यालयमा प्राविधिक धारका विद्यालयहरू सञ्चालन अनुमति दिएको उल्लेख गरे । 'लक्ष्य पूरा गर्न गाउँ गाउँका सामुदायिक विद्यालयमा प्राविधिक धारका विद्यालयहरू सञ्चालन अनुमति दिंदैछौं' उनले भने 'सरकार धेरैभन्दा धेरै विद्यार्थीले सीपमूलक शिक्षा पढ्न पाउन् भन्ने पक्षमा भएकाले मुलुकभरका ६ सय ४५ स्थानीय तहहरूमा प्राविधिक धारको शिक्षा पुऱ्याएका हौं ।'

सरकारले प्राविधिक शिक्षामा विद्यार्थीको पहुँच बढाउन धेरै भन्दा धेरै विद्यालयलाई अनुमति दिएको तर व्यवस्थित प्रयोगशाला र दक्ष शिक्षक नहुँदा कालोपाटीमा पढाइने शिक्षा हुने हो कि भन्ने डर रहेको उनको भनाइ थियो ।

उनले प्राविधिक शिक्षाको स्तरोन्नतीको लागि प्रयोग शाला र दक्ष शिक्षकहरूको जरूरी रहने उल्लेख गर्दै प्रयोगात्मक शिक्षा खेतखलियान र कारखानामा पढाउने विषय भएकाले कालोपाटीमा पढाउने विषय नभएको र यसको लागि प्रयोगशाला र दक्ष शिक्षक चाहिने बताए ।

उद्घाटन समारोहमा प्रदेशसभा सदस्य जगत यादवले प्राविधिक शिक्षामा पहुँच बढाउन नि:शुल्क गरिनु पर्ने बताए । 'अहिले पनि प्राविधिक शिक्षाको नाममा व्यापार भइरहेको छ, यसलाई रोकेर नि:शुल्क शिक्षाको व्यवस्था गर्नुपर्छ ।'

उद्घाटनका क्रममा इन्स्टिच्युटका संरक्षक तथा गोलबजार नगरपालिकाका प्रमुख देवनाथ साहले आज पनि ठूलो डिग्रीको सर्टिफिकेट बोकेर विदेश जानेहरू अदक्ष मजदुरको रूपमा काम गर्न

बाँकी ३ पेजमा

# जबरजस्ती करणी आरोपमा वडाध्यक्षमाथि उजुरी

**लहान ।** जबरजस्ती करणी गरेको आरोपमा सिरहा अर्नमा गाउँपालिका-१ वडाध्यक्ष विरूद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी परेको छ ।

अर्नमा गाउँपालिका-१ का वडाध्यक्ष गफार मियाँ विरूद्ध उजुरी परेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ । पीडित एक महिलाले वडाध्यक्ष मियाँले आफुमाथि जबरजस्ती करणी गरेको दाबी गरेकी छन् ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता एवं डिएसपी शालिग्राम पौडेलले वडाध्यक्ष मियाँमाथि उजुरी परेको र अनुसन्धान भइरहेको जानकारी दिए ।

ADMISSION OPEN
Nursery To VIII
LOTUS UNIQUE ACADEMY
Lahan-1, Matiyarwa (Siraha)
Contact : 9842840294, 980853045

भौतिक पूर्वाधारले सम्पन्न, शान्त र रमणीय शैक्षिक वातावरणमा शैक्षिक सत्र २०७७/२०७८ को लागि
भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
पञ्चदेवी टेक्निकल ईन्ष्टिच्यूट
प्रत्येक ट्रेडमा ४० वटा कोटा तथा जुनसुकै Grade को विद्यार्थीहरुले सहभागी हुन पाउने व्यवस्था।
हाम्रा संकायहरु :-
प्रि : डिप्लोमा इन सिभिल ई. - १८ महिने
प्रि : डिप्लोमा इन इलेक्ट्रिकल ई. - १८ महिने
प्रि : डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)-१८ महिने
Affiliated to CTEVT
फारम वितरण गर्ने मिति
२०७७ भदौ ३० गते देखी, समय : ७:०० बजे देखी ५:०० बजे सम्म
फारम भर्ने अन्तिम मिति
२०७७ असोज १९ गते सम्म
Online द्वारा फारम भर्ने
प्रवेश परीक्षा र थप जानकारीको लागि तल उल्लेखित नम्बरमा सम्पर्क गर्नुहोला
थप जानकारीको लागि
सम्पर्क स्थान : पञ्चदेवी टेक्निकल ईन्ष्टिच्यूट
लहान, सिरहा (कुशवाहा चौक ल.ल.कु.मा.वि. को पश्चिमपट्टी)
G-mail : rrsyadav143@gmail.com
प्रिन्सिपल
सम्पर्क नम्बर :-
०३३-५६२४६८ मो. ९८४२६५८८२४
९८१६७३७३३१, ९८१६३०१७९४,
९८०७८७६६१५

छिटो भनेकै WORLDLINK
*Terms and Conditions Apply
SPEEDमा BOOST नगदमा छुट
30 Mbps 25 Mbps Rs. 1,250 PER MONTH
60 Mbps Rs. 2,700 Rs. 2,200 PER MONTH
FREE
Enjoy 100+ HD Channels & 150+ SD Channels FREE with WorldLink
Lahan office: 033-561429, 033-561430 | Mirchaiya: 033550505, | Golbazar: 9801186055, | Kalyanpur: 031-540229



फ्रेन्डस मोडल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## 'मौनता तोडौं' अभियानलाई सार्थक बनाऔं

महिला पुनर्स्थापना केन्द्र (ओरेक) ले विभिन्न संघसंस्थाको सहकार्यमा सामाजिक न्याय तथा कानुनी न्यायको अधिकार सुनिश्चितताको वातावरण निर्माणका लागि अन्तर्राष्ट्रिय अहिंसा दिवसको अवसर पारेर 'मौनता तोडौं' अभियान सुरु गरेको छ । अभियान अन्तर्राष्ट्रिय अहिंसा दिवस २ अक्टोबरका दिन देखि सुरु भएर मानवअधिकार दिवस १० डिसेम्बरसम्म सञ्चालन हुने जनाएको छ । ओरेकका अनुसार अभियानको अवधीमा धर्ना, राजनैतिक दल तथा सरकारी निकायलाई ध्यानाकर्षण, समुदायस्तरमा सचेतीकरण कार्यक्रम, परामर्श गोष्ठि तथा बहसहरु सञ्चालन हुनेछन् ।

बालिकाहरु सम्झना विक, संगीता मण्डल, कञ्चन पञ्जियार, आकृति राई, निर्मला पन्त लगायत पुर्णिमा मोक्तान, सर्मिला दनुवार जस्ता धेरै महिला र बालिकाहरुले बलात्कार पछाडी अल्पायूमा आफ्नो ज्यान गुमाउनु पर्‍यो । जघन्य अपराधको यस्तो मुद्दामा समेत देखिने मौनताको संस्कृती, पीडकलाई नै पक्षपोषण गर्ने प्रवृत्ति र सहयोगी समुहले समेत दबाब र प्रभावमा परेर प्रभावितलाई थप पीडित बनाउने प्रवृतिले् बलात्कार जस्तो जघन्य अपराधले अझ प्रश्रय पाइराखेको अवस्था छ ।

तथ्यांकलाई हेर्ने हो भने दैनिक ७ वटा बलात्कार, बलात्कारपछि हत्या, बन्दावन्दीको समयमा लैङ्गिक हिंसाका कारणले ४७ महिलाको हत्या भएका घटनाले महिला तथा बालिकामाथि हुने हिंसाको कहाली लाग्दो अवस्था हाम्रो समाजमा रहेको देखाएको छ । नेपाल प्रहरीको पछिल्लो ६ महिना (चैत २०७६ देखि भदौ २०७७) को तथ्यांकले समेत बलात्कारको संख्या १२२१ भएको देखाउँछ ।

बाँकी ३ पेजमा

## आजको राशिफल

| | |
|---|---|
| मेष | आज नयाँ कार्य वा रोजगारको अवसर मिल्नेछ । विशिष्ट व्यक्तिबाट पुरस्कार तथा हौसला प्राप्त हुनेछ आर्थिक क्षेत्रमा सोचेजस्तै लाभ लिन सक्छ । |
| वृष | लत्ता कपडामा धन खर्च हुनेछ । नाक तथा घाँटीमा समस्या आउला । सामान हराउनपनि सक्छ । अभिभावकको आशीर्वादले काम गर्नसक्छ । |
| मिथुन | आज नयाँ सवारी साधन प्राप्तिको योग छ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । दिनको उत्तरार्ध सुखद् रहने छ । शुभकार्यको चर्चापनि चल्नेछ । |
| कर्कट | आज काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । आतिथ्यपूर्ण सम्मान पाइएला । प्रेम र बन्धन कसिने बेला छ । वैदेशिक कार्य अघि बढ्नेछ । |
| सिंह | आज अध्ययनमा रूचि जाग्नुका साथै यात्राका योग पनि देखिन्छन् । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । महिला वा मित्रबाट विशेष सहयोग पाईनेछ । |
| कन्या | बाहिरी खानपान तथा मनोरञ्जनमा समयको ख्याल गर्नुपर्नेछ । नजिकको व्यक्तिबाट धोका पाईन सक्छ र मन खिन्न हुने स्थिति आउनसक्छ । |
| तुला | ठीक समयमा सही निर्णय लिन सकिनेछ । दाम्पत्य सुखले प्रफुल्लित भइनेछ । बौद्धिक काममा सफलता मिल्नेछ । बोलीको प्रभाव पनि बढ्नेछ । |
| वृश्चिक | अधुरो काम पूरा हनेछ । व्यवसायका लागि यात्राको सम्भावना पनि छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । |
| धनु | आज श्रमको उचित मुल्यांकन हुनेछ । अनुहारमा कान्ति र मनमा शान्ति छाउला । शुभकार्यको चर्चा चल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । |
| मकर | आज आम्दानी बढ्ने नै छ । अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । दाम्पत्य जीवन सुखमय हुनेछ । आर्थिक क्षेत्रमा राम्रो सफलतापनि मिल्ला । |
| कुम्भ | आज नयाँ कमको थालनी हुनेछ । अचल सम्पत्ति हात पर्ला । धार्मिक यात्राको योगछ । सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै बढी लाभ हुनेछ । |
| मीन | आज प्रणयसम्बन्ध र रतिराग बढाउने समय रहेको छ । परीक्षा आदि प्रतिस्पर्धामा उर्तिण हुनसकिनेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ । |

# समाजवाद र बिर्ता उन्मूलन

## बिपी कोइराला राजनीतिक अभिलेख

प्राध्यापक एवम् छात्र-छात्राहरू,

समाजवाद धेरै व्यापक विषय हो । समाजवादको विषयमा



सबैको एउटै निश्चित राय छैन । सबैले समाजवादको आफ्नै किसिमले विश्लेषण गर्ने गरेका छन् । रुसमा जुन व्यवस्था छ त्यसैलाई समाजवाद भन्ने हो भने चीन र भारतमा त्यस्तो व्यवस्था छैन । तर रुस, चीन र भारत सबै देशलाई समाजवादी भन्ने गरिएको छ । तर एउटा देशले आफ्नो किसिमले समाजवाद अपनाएपछि उसलाई अर्को देशले अपनाएको व्यवस्था समाजवादी नै होइन भन्ने लाग्ने गरेको देखिन्छ । यो व्यवस्थाचाहीँ समाजवाद हो, योचाहीँ होइन भन्ने निश्चित गर्न धेरै गाह्रो छ । समाजवादको प्रयोग विभिन्न देशमा फरक-फरक किसिमले हुन थालेको छ । हामीले पनि नेपालमा समाजवाद प्रयोग गर्न सुरु गरेका छौँ । तर समाजवादका मुख्य दुईवटा मौलिक आधार हुन्छन् । त्यसमा सबै सहमत छन् । ती आधार हुन् :

१) समाजको विकासको आधार आर्थिक उन्नती हो ।

२) समाजभित्र रहेका सबै उत्पादनका साधनमाथि समाजकै नियन्त्रण हुनुपर्दछ ।

हामीले समाज बदल्न चाहेरमात्र समाजको रूप फेरिँदैन । समाज बदल्न आर्थिक उन्नति हुनुपर्दछ । आर्थिक अवस्थाको उत्थान नै समाजको प्रगतिको आधार हो । यसबेला हाम्रो समाजको रूप जस्तो छ, त्यसमा हाम्रो समाजको आर्थिक अवस्था प्रतिविम्बित हुन्छ । सामन्ती आर्थिक अवस्था भएको समाजको रूप त्यही अनुरूप हुन्छ ।

समाजमा नजानिँदो किसिमले परिवर्तन आइरहन्छ । हामीले त्यसलाई ध्यानमा राखेर काम गर्न सक्नुपर्दछ । हिजोको व्यवस्था हिजो ठीक थियो होला । तर त्यो आजका लागि ठीक हुन सक्तैन । आजको व्यवस्था पनि भोलि असान्दर्भिक भएर जान्छ । आर्थिक कारणले गर्दा समाज सँधै बद्लिरहन्छ । हाम्रो आर्थिक ढाँचा जस्तो किसिमले विकास हुन्छ, त्यही किसिमले समाजले रूप फेर्दछ । आर्थिक अवस्थामा थोरैमात्र अन्तर आउनासाथ त्यसले समाजमा व्यापक असर पार्दछ ।

२००७ सालमा जनताको व्यापक सहभागितामा क्रान्ति सफल भयो । त्यसबेलाका शासक मोहनशमशेर त्यस क्रान्तिलाई १०/२० जना स्कुले ठिटा र दिमाग बिग्रिएका युवाहरूको उपद्रो भन्दथे । कतिपयले २/४ जना पढेलेखेका इमानदार नेता कांग्रेसमा भएकाले २००७ सालको क्रान्ति सफल भयो भन्ने गरेका छन् । हामीले राजनीतिक व्यवस्था परिवर्तन गर्न चाहेका थियौँ । त्यसबेला समाज परिवर्तनको प्रसङ्ग उठेको थिएन । क्रान्ति सम्पन्न भएको आठ वर्षपछि बिर्ता उन्मूलन भएर सामाजिक परिवर्तनतर्फ कदम अगाडि बढेको छ । २/४ जना पढेलेखेका इमानदार नेता कांग्रेसमा भएकाले २००७ सालको क्रान्ति सफल भयो भन्नु ऐतिहासिक वास्तविकतालाई नबुझेको ठहर हुनेछ । त्यो क्रान्ति समाज परिवर्तनको क्रममा आएको थियो ।

हाम्रो आँखासामु भइरहेका परिवर्तनमा हामी सहभागि हुन थालेका छौँ । पहिलेको समाजले देशलाई अगाडि बढाउन सम्भव थिएन । त्यसकारण पुरानो आर्थिक व्यवस्थालाई छिन्नभिन्न बनाउनका लागि देशमा राजनीतिक परिवर्तन ल्याउनु आवश्यक थियो । राजनीतिक परिवर्तन गरेर उत्पादनका साधन विकास हुने वातावरण ल्याउन २००७ सालको क्रान्ति भएको थियो ।

समाज परिवर्तनलाई बुझ्नका लागि १०-२० वर्षअघिको समाजको अध्ययन गर्न सकिन्छ । अहिले यहाँ थुप्रै छात्राहरू अध्ययन गर्न आउनुभएको देख्दैछु । आठ वर्षपहिले यस्तो सम्भव थिएन । कसैले छोरीचेलीलाई पढ्न पठायो वा उनीहरूले जुत्ता-चप्पल लगाए भने असामाजिक काम गरेको ठहर हुन्थ्यो । बुहारीहरूले कुनै काम अलिकति स्वतन्त्रतापूर्वक गर्न थाले भने उनीहरूका सासु-ससुरा रिसाउँथे । उनीहरूले बिहान-बेलुका सासु-ससुराको सेवा गर्नुपर्दथ्यो । बुहारीहरूले सासु-ससुराको सेवा गरेनन् भने घोर कलीयुग आयो भन्ने चलन थियो । पहिलेको अवस्थामा त्यस्तो सामाजिक व्यवस्था चल्न सम्भव थियो । तर अब त्यस्तो व्यवस्था चल्न सक्तैन । किशोरीहरूले पनि नपढी काम चल्दैन, दुलाहा पनि गतिलो भेटिँदैन भन्ने बुझिसकेका छन् । नेपाली समाजमा भएका सामन्ती शोषणका सबै व्यवस्थाहरूलाई अन्त गर्नु आजको आवश्यकता हो । बिर्ता उन्मूलन समाजवादतर्फ जाने एउटा कदममात्र हो । नैतिक तथा आर्थिक कारणहरूले गर्दा बिर्ता उन्मूलन गर्नुपर्ने ऐतिहासिक आवश्यकता थियो । हामीले बिर्ता उन्मूलन गर्दा कसैलाई पीर परेको हुनसक्छ । तर यो कदम कसैलाई पीर पार्ने ध्येयले चालिएको थिएन । समाजको नियम नै यस्तो हुन्छ । परिवर्तनको क्रममा थोरैलाई पीर पर्छ, धेरैलाई लाभ हुन्छ । यसको ऐतिहासिक तथ्यलाई बुझेर यसको उपयोगितामा पनि सबैले ध्यान दिनुपर्दछ ।

सामन्ती व्यवस्थामा जमीनको आधारमा शोषण हुन्छ । त्यसकारण बिर्तामात्र होइन, जमीनको आधारमा हुने सबै शोषण हामीले अन्त्य गर्नु आवश्यक छ । हलो बोकेर खेत जोत्न जाने किसानले जमीनमाथि पूर्ण हक पाउनुपर्दछ । कागज छ भन्दैमा जग्गाको भोगचलन हुनसक्तैन । कागजमा जमीन राख्ने प्रथाले उत्पादनलाई निरुत्साहित गर्दछ । त्यस्तो कागजी बिर्ताको जमीनले किसानलाई कुनै प्रेरणा दिँदैन । तसर्थ, जमीनलाई मुठ्ठीभर मानिसको कब्जाबाट स्वतन्त्र बनाउनु आजको आवश्यकता हो । एक जना व्यक्तिसँग धेरै जमीन हुनु, उसले सेरोफेरो सबै मेरो भन्ने अवस्था कायम रहनु अबको समाजमा अनुचित छ । खासमा, जमीन स्वतन्त्र नभएसम्म किसानहरू पनि स्वतन्त्र हुँदैनन् ।

बिर्ता उन्मूलन हुनुभन्दा पहिले बिर्ता पनि उत्पादनको साधन थियो । कसैले पैसा कमायो भने बिर्ता किन्ने गर्दथ्यो । तर त्यसरी किनबेच हुँदा उत्पादन बढ्दैनथ्यो, जमीनको स्वामित्वमात्र फेरिन्थ्यो । जमीनमाथि कसैको स्वामित्व हुनु हुँदैन भन्ने मेरो धारणा छ । त्यो नैतीक दृष्टिले अधर्म हो । हावालाई कसैले मेरो पेवा हो भनेर प्रत्येक सास फेर्ने मानिससँग ५० पैसाका दरले असुल्छ भने ऊ घोर आततायी ठहर हुन्छ । बागमतीको पानी कसैको पेवा हुन सक्तैन । सूर्यको प्रकास कसैको पेवा हुन सक्तैन । हावा पनि कसैको पेवा हुन सक्तैन । बागमतीको पानी अञ्जुलीमा उठाएर कसैले खान्छ भने त्यो पानी उसको हुन्छ । कसैले घाम ताप्छ भने सूर्यको प्रकाश उसैको हुन्छ । त्यस्तै, जमीन पनि जसले भोग गर्दछ, जसले जोत्छ उसैको हुनुपर्छ । एक जनाको मेहनतको कमाईमाथि अर्कोले शोषण गर्न पाउँदैन । जमीनलाई शोषण गर्ने माध्यम बन्न नदिने व्यवस्था गरेपछि बिर्ता किन्ने व्यक्तिको पुँजी उद्योगतिर आकर्षित हुन्छ । त्यसकारण उद्योगको विकासका लागि पनि बिर्ता उन्मूलन गर्नु परेको हो ।

हाम्रो देश सामन्ती समाजबाट औद्योगिक समाजतिर उन्मुख हुन थालेको छ । समाजमा व्यापक परिवर्तन भइरहेको छ । यही कारणले देशमा हलचल मच्चिएको छ । यो समयको माग हो । समाजमा पुँजीले परिवर्तनकारी दवाव दिइरहेको छ । हामीले संसदीय विधिबाट बिर्ता उन्मूलन गरेका छौँ । तर बिर्ता उन्मूलन संसदीय प्रणालीबाट नभएको भए पनि बैंकिङ प्रणाली वा बिस्फोट वा क्रान्तिद्वारा वा तानशाही किसिमले पनि हुने नै थियो । समयको परिवर्तनकारी प्रवाहलाई कसैले पनि रोक्न सक्तैन ।

परिवर्तनको ऐतिहासिक तथ्यलाई समाजले बुझ्यो भने प्राकृतिक किसिमले सामाजिक परिवर्तन हुन्छ । त्यसलाई नुबुझी कसैले परिवर्तनलाई रोक्न खाज्यो भने समाजमा विष्फोट हुन्छ, क्रान्ति हुन्छ । इतिहासले यो तथ्य सिद्ध गरिसकेको छ ।

समाजको गतिशीलतालाई सबैले बुझ्नु आवश्यक छ । संसदले समयको मागअनुसार परिवर्तनकारी कदम चाल्दैछ । यसमा जनताले साथ दिनुपर्दछ । हामीले प्रजातन्त्र ल्यायौँ भनेर ढुक्क बस्ने बेला छैन । प्रजातन्त्र भनेको लक्ष्य होइन, त्यो त समाज परिवर्तनका लागि वातावरण तयार गर्ने माध्यम मात्र हो । हाम्रो लक्ष्य त समाजवाद हो । जय नेपाल ।

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरू :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

औरही गाउँपालिका कार्यालय, सिराहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरू :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

विष्णुपुर गाउँपालिका कार्यालय, सिराहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरू :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

नवराजपुर गाउँपालिका कार्यालय, सिराहा

## सामाजिक सञ्जालबाट

10:27 0.10 KB/s ··· 35%

Search

**Bajarangi Yadav** is with **हेलो जिल्ला प्रशासन सिरहा** and **24 others**.
4h • Public

गैर जिम्मेवार र भ्रष्ट जनप्रतिनिधी(#वडा_अध्यक्ष_र_मेयर) । गाउँ-गाउँमा सिंहदरबार त आयो,नेताले भोट बटुले तर छजना गाउँको अबस्था जहिको तहि छ । यो तस्बिर सुखिपुर नगरपालिका वार्ड न.२,छजना गाउँको सुखिपुर नगरपालिकाको Ring Road मा पर्ने मुल सडकको अवस्था हो र यो सडक यस्तो अवस्थामा पुग्नुको मुख्य कारण जनप्रतिनिधिले त्यहाँको Hand Pump को पानीको र नला व्यवस्थापन गराउन नसक्नु हो।plz share this ताकि कि यो समस्याको समाधान वडा अध्यक्ष र मेयरले चाडै गरोस् ।



# सिरहामा थप ६ जनामा कोरोना संक्रमण पुष्टि

**लहान** । सिरहामा शनिबार थप ६ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । जिल्ला स्वास्थ्य कार्यालय सिरहाका अनुसार लहान नगरपालिका-१५ का एक जना, सोही नगरपालिका-१७ का एक जना गरी थप ६ जनामा शनिबार कोरोना संक्रमण पुष्टि भएको हो ।

यसैगरी प्रदेश २ मा पछिल्लो २४ घण्टामा ५७ जना कोरोना भाइरस संक्रमित थपिएका छन् । योसँगै प्रदेश २ मा संक्रमितको संख्या १३ हजार ७४७ पुगेको छ । सामाजिक विकास मन्त्रालय प्रदेश २ का अनुसार शनिबार धनुषामा ९ जना, सिरहामा ६ जना, बारामा १९ जना, पर्सामा १५ जना, रौतहटमा ४ जना र सप्तरीमा ३ जनामा कोरोना पुष्टि भएको छ । यस्तै वीरगन्जमा भएका परीक्षणमा एक जना अन्य जिल्लाका संक्रमित पाइएको छ । पछिल्लो २४ घण्टामै प्रदेश २ मा ४३ जना कोरोनामुक्त भएका छन् । योसँगै कोरोनामुक्त हुनेको संख्या ११ हजार २४ पुगेको छ । जसमध्ये १४ सय ७५ महिला छन् । कोरोना संक्रमणबाट शनिबार सप्तरीमा एक पुरूषको मृत्यु भएको छ । तिलाठी कोइलाडी गाउँपालिका-५ बनरझुला टोलका ६८ वर्षीय पुरूषको विराटनगरस्थित नोबेल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको मन्त्रालयले जनाएको छ ।

## समाजसेवी ...

बाध्य रहेको भन्दै यो संस्थाले दक्ष जनशक्ति उत्पादन गर्ने बताए । उनले अबका दिनमा यहाँबाट उत्पादित जनशक्ति स्वदेश वा विदेश जाँदा दक्ष र प्राविधिक जनशक्ति पठाउन सकियोस र कमाई पनि राम्रो हुने र सुविधायुक्त काम पनि पाइने खालका हुने बताए ।

कार्यक्रममा पूर्व शान्ति तथा पन:निर्माण मन्त्री विश्वनाथ साह, धनगढीमाई नगरपालिकाका प्रमुख हरीनारायण चौधरी, संविधानसभा सदस्य निशा साह, प्रमुख जिल्ला अधिकारी प्रदिपराज कणेल, स्थानीय जनप्रतिनिध तथा शिक्षक, प्रध्यापकहरूको उपस्थिति रहेको थियो ।

चालु शैक्षिक सत्रदेखि किसान नेता जय गोविन्द साहको नाममा संचालनमा आएको इन्स्टिच्यूटमा तीन वर्षे डिप्लोमा इन सिभिल इञ्जिनियरिङ्, तीन वर्षे बाली विज्ञान र डिप्लोमा इन जियोमेटिक्स इञ्जिनियरिङ्को पढाई सुरू गरिने इन्स्टिच्युटले जनाएको छ ।

## मौनता ...

**हजारौं महिला तथा किशोरीहरु बलात्कृत हुने तथ्यांक राज्यबाटै सार्वजनिक हुँदा समेत राज्यको जिम्मेवार निकाय तथा उच्चपदस्थ व्यक्तिरुले समेत बलात्कारलाई संवेदनशील मुद्दाको रुपमा नहेर्ने उनीहरुले सार्वजनिक गरेको अभिव्यक्ति प्रति गम्भीर ध्यानाकर्षण भएको भन्दै 'मौनता तोडौं' भन्ने अभियान सुरु गर्नुपरेको ओरेकले जनाएको छ । ओरेकले भनेको छ, 'विद्यमान प्रभावितलाई नै सम्पूर्ण घटनाको लागि भागिदार बनाउने सामाजिक संरचना र सोचका कारणले महिलामाथि हुने हिंसा बलात्कार र त्यस पछिको हत्या जस्तो अपराधले प्रोत्साहन पाएको छ । बलात्कृत महिला र किशोरीले घटना पश्चात भोग्ने शारीरिक, मानसिक, सामाजिक तथा घरेलु हिंसा र विभेदको विश्लेषण गर्न राज्य अझै चुकेको देखिन्छ ।'**

**तसर्थ, बलात्कार तथा लैङ्गिक हिंसाका बारेमा जनचेतना, हिंसा नुहने वातावरण, प्रभावितको सामाजिक न्याय तथा कानुनी न्यायको अधिकार सुनिश्चितताकाको वातावरण निर्माणका लागि ओरेकले सुरु गरेको 'मौनता तोडौ' अभियानलाई सबै क्षेत्रको सहयोगबाट सफल बनाउन आवश्यक छ । ताकि सम्झना विक लगायत अवोध बालिका जस्तै अरु महिला र बालिकाहरुले बलात्कार पछाडी अल्पायूमा आफ्नो ज्यान गुमाउनु नपरोस ।**


PrimeLife प्राइम लाइफ
प्रधान कार्यालय हात्तीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४, पो.ब.नं. २५९७९

## हकदाबी सम्बन्धी सूचना

**यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमा लेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हक दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हक दाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्हिोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।**

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | १००००००२२७० | विजय लामा | धनगढीमाई, ९ सिराहा |
| २. | १३३०००६१८९ | नरन्ता मग्राती | दिक्तेल, ५ खोटाङ |
| ३. | १३३०००१०३५२ | ललिता देवी यादव | रामनगर, ८ सप्तरी |

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ राष्ट्रिय दैनिक लहानपोस्ट LAHANPOST DAILY

### कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सिरहा नगरपालिका कार्यालय, सिरहा



### कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।



कल्याणपुर नगरपालिका कार्यालय, सिरहा



### कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।



अर्नमा गाउँपालिका कार्यालय, सिरहा

# कानुन उल्लंघन गर्दै स्थानीय सरकार

## पालिका बहस

अधिवक्ता सन्तोष कुमार सुवेदी




लहान नगरपालिकाले गत जेठ २८ गते लहान नगर क्षेत्रभरिका सामुदायिक विद्यालयका आधारभूत तहका स्थायी दरबन्दी र राहत कोटाका शिक्षकहरूलाई आफूखुशी सरुवा गरेपछि त्यसले एउटा तरङ्ग पैदा गऱ्यो । त्यस तरङ्गबीच स्थानीय तहले शिक्षकलाई एउटा विद्यालयबाट अर्को विद्यालयमा दरबन्दी मिलानको नाममा सरूवा गर्न पाइने हो वा पाइँदैन भन्ने कुरा बहस समेत सृजना गऱ्यो । यही सरूवाको क्रममा नगरपालिकाले केही राहत कोटामा कार्यरत शिक्षकहरूलाई पनि एउटा विद्यालयबाट अर्को विद्यालयमा सरूवा गऱ्यो, त्यो सरूवापछि नगरपालिकाको अधिकारमाथि नै प्रश्नचिन्ह तेर्साउन थालियो ।

नभन्दै विद्यालय हुँदै चौक चौराहामा चुँलिएको त्यो बहस अन्ततः अदालत प्रवेश गऱ्यो । उच्च अदालत जनकपुर, राजबिराज इजलासमा पीडित शिक्षकहरूको तर्फबाट नगरपालिकाको सरूवा आदेशलाई चुनौति दिंदै रमेश प्रसाद चौधरीले उत्प्रेषण, निषेधाज्ञा र परमादेशको माग गर्दै लहान नगरपालिकाको उक्त सरूवा आदेश खारेज गर्न माग गरे । अदालतले उक्त निवेदनमाथि सुनुवाइ गर्दै शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ हाल क्रियाशील रहेको देखिएको, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ज) ले स्थानीय निकायलाई आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी अधिकार रहे पनि शिक्षकको नियुक्ति र सरुवा सम्बन्धि अधिकार रहेको नदेखिएको बतायो । सोही सुनुवाइमा नेपालको संविधानको धारा ३०४ को उपदफा (१) मा संविधान प्रारम्भ हुँदाका बखत कायम रहेको नेपाल कानुन खारेज वा संशोधन नभएसम्म लागू रहनेछन् भन्ने व्यवस्था रहेको र शिक्षकको सरूवा शिक्षा ऐनको दफा १६(ज) तथा शिक्षा नियमावलीको नियम ९९ बमोजिम हुने कानुनी व्यवस्था रहेको व्याख्या गर्दै अदालतले शिक्षा ऐन र नियमावली बमोजिम जिल्ला शिक्षा कार्यालय तथा जिल्ला शिक्षा अधिकारीबाट सम्पादन भई आएका कामहरू हाल शिक्षा विकास तथा समन्वय इकाईले गर्ने भनी नेपाल सरकार विज्ञान तथा प्रविधि मन्त्रालयले सबै शिक्षा विकास तथा समन्वय इकाईलाई पत्राचार समेत गरेको देखिएको उल्लेख गर्दै नगरपालिकाले गरेको सरूवा कार्यलाई हाललाई स्थगन गर्न आदेश दियो ।

यो विषय लहान नगरपालिकाको मात्रै होइन, यो त एउटा उदाहरण मात्रै हो । यस्ता विवाद कैयौं जिल्लाका कैयौं स्थानीय तहमा देखिएका छन् । पर्साको जगरनाथपुर गाउँपालिकाले चार महिनाका लागि शिक्षक नियुक्ति गरी २ लाख ४१ हजार ७ सय भुक्तानी दिइएको खबर एक वर्ष अगाडि चर्चाको शिखरमा थियो । गाउँपालिकाले शिक्षकलाई नियुक्ति नै गरेर यसरी तलब खुवाएपछि उक्त विषय अख्तियारसम्म पुग्यो । सबैतिर स्थानीय तहहरूले आफूखशी शिक्षक नियुक्ति गरेको विरूद्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परेपछि आयोगले शिक्षा नियमावली २०५९ विपरीत शिक्षक नियुक्ति नगर्न स्थानीय तहहरूलाई कडा निर्देशन नै दियो । आयोगकै कदम पछ्याउँदै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समेत ७५३ वटै स्थानीय तहलाई परिपत्र गरेर शिक्षक नियुक्ति नगर्न/नगराउन निर्देशन नै दियो ।

स्थानीय सरकारबाट शिक्षाको क्षेत्रमा मात्र संघीय कानुनको उल्लंघन भएको भने होइन, अदालतको तथ्यांक केलाउने नै हो भने, स्थानीय सरकारका विषयमा प्रमुख रूपले देखापरेका मुद्दाहरू शिक्षा, जग्गा र अधिकारको क्षेत्रसँग सम्बन्धित छन् । बाटोघाटो बनाउँदा, कुलोकुलेसो बनाउँदा र विकास निर्माणका कार्यहरू अगाडि बढाउँदा जग्गा मिचिएको भन्ने प्रश्नमा धरै मुद्दाहरू स्थानीय तहको विरूद्धमा अदालतमा परेको देखिन्छ । जसमध्ये अधिकांश मुद्दाहरूको फैसलाको चरणमा कालान्तरमा गएर स्थानीय तहले हार्नुपरेको छ । आखिर किन यसो हुन्छ ? किन जानाजान स्थानीय तहहरूले यी विषयहरूमा सुरूमा बलमिच्याई गर्छन ? किन स्थानीय तहको ठूलो धनराशी मुद्दामामिलामै खर्च हुन्छ ? यी प्रश्नहरू अहिले सर्वसाधारणका लागि यक्ष प्रश्नको रूपमा खडा भएको देखिन्छ ।

वास्तवमा, नेपालमा संघीय गणतान्त्रिक व्यवस्था लागू भएपछि देशको शासकीय संरचनामा तीन किसिमको सरकारको अवधारणा ल्याइयो । त्यसमध्ये तल्लो शासकीय संरचनाको रूपमा स्थानीय तहलाई मान्यता दिइयो । स्थानीय तहलाई स्थानीय सरकारको रूपमा परिणत गरे पनि यसलाई कैयौं कानुनी प्रावधानहरूको बन्धनबाट मुक्त भने गरेन । स्थानीय तहलाई विधिवत् रूपले सञ्चालन गराउन संघीय व्यवस्थापिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ त जारी गऱ्यो तर त्यो ऐनमा भएका कैयौं प्रावधानहरू अहिलेसम्म अनिर्णयकै बन्दीमा छ । कुनै पनि ऐन तबसम्म पूर्ण रूपले कार्यान्वयन हुँदैन जबसम्म त्यो ऐन अन्य ऐन कानुनबाट स्वतन्त्र हुँदैन । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले नगरपालिका र गाउँपालिकालाई प्रशस्त अधिकारहरू प्रदान गरेको छ । तर ती अधिकारहरूको व्याख्या र कार्यविधि भने निश्चित गरेको छैन । यसरी स्थानीय तहले पाएको अधिकारको कार्यान्वयनको सवालमा प्रष्ट रूपमा कार्यविधि नबन्दा भने स्थानीय तहका कतिपय कुराहरू विवादित बन्दै आएको छ ।

राज्यलाई कानुनी हिसाबबाट सञ्चालन गर्न विवादरहित ऐन नियम बन्नु आवश्यक हुन्छ । यसै परिप्रेक्ष्यमा हाम्रो देश नेपालमा संघीय गणतान्त्रिक व्यवस्था लागू भएपछि भएका पुराना कानुनहरूलाई सोही अनुसार संशोधन र परिमार्जन गर्नु आवश्यक हुन्छ तर जनतासँग प्रत्यक्ष सरोकार राख्ने कानुनहरू अहिले पनि पुरानै अवस्थामा छन् । ती कानुनहरूको संशोधन र परिमार्जन नभएको कारण ती कानुनहरू सोझै आएर स्थानीय सरकारले गर्ने निर्णयहरूसँग ठोक्किन पुग्दछ । जसले गर्दा स्थानीय सरकारले चाहेर वा नचाहेर भए पनि गरेका कतिपय निर्णय र कार्यहरू विवादित बन्न पुगेका हुन्छन् । हुन त स्थानीय तहलाई छुट्टै ऐन कानुन बनाउन संविधानले रोकेको छैन, तर त्यसरी बनाइएका ऐन कानुनहरू संघीय कानुन र प्रदेश कानुनहरूसँग बाझिन नहुने स्पष्ट संवैधानिक प्रावधान छ । यो अवस्थामा केन्द्रीय व्यवस्थापिकाले पुराना कानुन संशोधन र परिमार्जन नगर्दा तथा प्रदेश व्यवस्थापिकाले नयाँ कानुनहरू निर्माण नगर्दा स्थानीय तहले बनाएका अधिकांश कानुनरू कार्यान्वयनको पाटोमा पछाडि परेका छन् । सोही कारण स्थानीय तहले बनाएका कानुनहरूको आधारमा गरिएका कतिपय निर्णय र कार्यहरूले न्यायिक निकायबाट बैधता प्राप्त गर्न सकेको देखिएको छैन ।

संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार क्षेत्रको सूचीमा कैयौं अधिकारहरू उल्लेख गरिएको छ । स्थानीय सरकारले संविधानको उक्त व्यवस्था अनुसार स्थानीय ऐन-नियम बनाउन सक्छन् तर संघीय सरकारले समयमै कानुन नबनाउँदा स्थानीय तहको अधिकारमा हस्तक्षेप हुने गरेको स्थानीय जनप्रतिनिधिको गुनासो सुनिदै आएको छ । त्यसैले एकातिर, स्थानीय तहका नेतृत्वकर्ताहरूले आफूले पाएको अधिकार र कर्तव्य के हो भन्ने कुरा बुझ्न सक्नुपर्छ र यसरी बुझ्दै गर्दा जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषयहरूमा निर्णय गर्ने क्रममा उनीहरूको अधिकार र संरक्षणलाई पनि ध्यान दिनुपर्छ । त्यसैगरी अर्कोतर्फ, संघीय व्यवस्थापिकाले संशोधन र परिमार्जन गर्न नसकेका पुराना कानुनहरू जुन खारेज हुन सकेका छैनन् तिनलाई पनि समयानुकुल परिमार्जन गर्न सक्नुपर्छ, साथै प्रदेश व्यवस्थापिकाले आवश्यक रहेको कानुनहरू निर्माण गर्न ढिलाई गर्नुहुँदैन । जसले गर्दा पछि प्रदेश कानुन बन्दा यसभन्दा अगाडि बनेका स्थानीय तहको कानुन बाझिने हदसम्म खेर नजाओस् ।

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

गोलबजार नगरपालिका कार्यालय, सिरहा

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)